# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, असोज १५ गते २०३६ साल [ अतिरिक्ताङ्क ३८ (क)

# शाही सन्देश

**श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय**

**राजदरबार**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३६ साल आश्विन १५ गते विजया दशमीको शुभ उपलक्ष्यमा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

प्यारा देशवासीहरू,

१. बडा दशैंको राष्ट्रिय चाड आज हामी मुलुकभर मनाउँदैछौं । यो शुभ दिनमा सधैं झैं स्वदेश वा विदेशमा बस्ने सम्पूर्ण नेपालीको सुख समृद्धिको निम्ति शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

356

२. विशाल हिमाली क्षेत्रदेखि तराईका फाँटसम्म फैलिएको यो हाम्रो मनोहर देशमा विभिन्न रीतिरिवाज, अनेक जात-जातिको आपसी मेलमिलाप र सम्मिश्रणद्वारा सबैको समष्टि एकतामा गाँसिएर स्वतन्त्र नेपाल राष्ट्रको अभ्युदय भई हामी बाँची, हुर्की, बढी आएका छौं । त्यसैले यो मुलुक कुनै एक व्यक्ति वा वर्ग विशेषको मात्र पेवा नभई नेपाली सबैको साझा हो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

३. नेपाललगायत आर्थिक रूपले पछाडि परेका मुलुकहरू आज विकासका लागि सङ्घर्ष गर्दैछन् भने प्राकृतिक सम्पदा सम्पन्न कुनै देशहरू नाटकीय ढङ्गमा हिजोको दीन अवस्थाबाट एकाएक अतीव सम्पन्न मुलुकमा परिणत भएका छन् । कुनै उपलब्ध प्राकृतिक स्रोतको सही उपयोग नभई कृषिकै भरमा उन्नत जीवनको निम्ति सङ्घर्षरत रहेका विकासशील नेपाल जस्ता मुलुकहरूमा अन्तर्राष्ट्रिय आर्थिक मन्दी, मुद्रा स्फिति र धान्नै कठिन महङ्गीले गर्दा सामाजिक जीवन निक्कै अस्तव्यस्त हुँदै गएको छ । यस स्थितिबाट हामीलाई यथाशीघ्र उन्मुक्त भई आत्मनिर्भर हुनु परेको छ । यस्तो बेलामा देशले प्रबुद्ध युवावर्गबाट ठूलो आशा राख्नु स्वाभाविकै हो ।

४. देश विकास गरेर नेपालीहरूको जीवनलाई सुख समृद्धि सम्पन्न बनाउनु हाम्रो पहिलो कर्तव्य हो । देशका ऐन कानून एवं आ-आफ्ना राम्रा परम्परा र रीतिरिवाजको पालना गर्दै राष्ट्रको समुन्नति साथै आफ्नो पनि समुन्नति गर्ने चाहना राख्नु सबैको हक हुन्छ । मर्यादाको त्यस सीमाभित्र रही सबैले आ-आफ्नो हक खोज्नु स्वाभाविक पनि हुन्छ । तर आफ्नो हक खोज्दा अरू कसैको हक खोसिनु हुँदैन भन्ने कुरामा सबैले ध्यान पुऱ्याउनु पर्छ । आत्म-अनुशासन विना कतै पनि प्रजातन्त्र फष्टाउन सक्तैन । समाजमा कसैको गैर जिम्मेदारपूर्ण व्यवहारबाट देशलाई पछि पार्ने काम मात्र नभई साधारण जनजीवनलाई समेत दुःखदायी बनाउँदछ । यिनै कुराहरूलाई मनन गर्दै आगामी राष्ट्रिय जनमत संग्रहलाई कसैको दवावमा नपरी डर त्रास नमानी विशुद्ध प्रजातान्त्रिक भावना अनुरुप सफल बनाउन हामी सबै एकजूट होऔं ।

५. यस शुभ घडीमा श्री नवदुर्गा भवानीले हामी सबै नेपालीलाई आपसमा मिली देश विकास गरी बाँच्ने प्रेरणा प्रदान गरून्– यही हाम्रो शुभकामना छ ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।